नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**नेपाल माउन्टेन एकेडेमी**

**सातदोबाटो, चापागाउँ रोड, ललितपुर**

# घर भाडा लिने सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना प्रकाशित मिति २०७५/०५/२२

यस प्रतिष्ठानले संचालन गरेको कलेज तथा कार्यालय प्रयोजनका लागि घरभाडामा लिन आवश्यक भएकोले इच्छुक घरधनीहरुबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

शर्तहरु :

१. घरभाडा लिने स्थल : का.म.न.पा.को गौशाला, रातोपुल, चावहिल, नक्साल, बालुवाटार, महाराजगन्ज, सिंहदरबार क्षेत्र वरीपरी, बानेश्वर आसपास साथै रिङ्गरोड बाहिर १ कि.मि.सम्मको क्षेत्रहरु ।

२. सडकसँग जोडिएको लगभग २ रोपनी जग्गामा बनेको भवन जसमा कक्षाकोठा र कार्यालय सञ्चालनका लागि उपयुक्त भएको हुनुपर्ने ।

३. घरभाडा रकम मासिक एकमुष्ट अंक र अक्षरमा उल्लेख गरेको हुनुपर्नेछ र नियमानुसार लाग्ने कर कट्टा गरिनेछ । घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा घरभाडा सम्झौता हुनेछ ।

४. मोटर पार्किङ्ग तथा अन्य आवश्यक कार्यको लागि खुला ठाउँ भएको हुनुपर्नेछ ।

५. शिलबन्दी दरखास्त साथ घरको नक्सा, निर्माण कार्य सम्पन्नको प्रमाणपत्रको प्रतिलिपी र घरको जग्गाको स्वामित्व भएको प्रमाणित कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र दरभाउपत्र रु १०००।- (एक हजार) तिरी प्रतिष्ठानको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

६. सूचना प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १२ बजेभित्र सिलबन्दी दरभाउपत्र दाखिला गर्नु पर्नेछ । यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

७. नेपाल सरकारको हीतलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहने छ ।

८. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछन् ।

९. यो सूचनामा कुनै संशोधन वा परिमार्जन भएमा यस प्रतिष्ठानको सूचना पाटी र वेभसाइट www.man.gov.np मा प्रकाशित गरिनेछ ।

१०. यस सम्बन्धमा थप जानकारीका लागि प्रतिष्ठानको कार्यालयको फोन नम्बर ०१-५१५१९१५, ५१५१९०४ मा सम्पर्क राख्न सक्नुहुनेछ ।